# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

खण्ड २६ ] काठमाडौं, वैशाख ७ गते २०३३ साल [ संख्या १

श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

स्टाण्डर्ड नाप र तौल (दोस्रो संशोधन) नियमहरू, २०३२

स्टाण्डर्ड नाप र तौल नियमहरू, २०२७ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "स्टाण्डर्ड नाप र तौल (दोस्रो संशोधन) नियमहरू, २०३२" रहेको छ।

(२) यी नियमहरू ऐनको दफा १ को उप-दफा (३) अनुसार प्रकाशित गरिएको सूचनामा तोकिएको मितिदेखि तोकिएको ठाउँमा तोकिएको कारोवार वा मालसामानको सम्बन्धमा प्रारम्भ हुनेछन्।

२. मूल नियमावलीको नियम १० मा थपः– मूल नियमावलीको नियम १० को उप-नियम (४) पछि देहायको उप-नियम (५) थपिएको छः-

अधिकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

"(५) आयतन नाप्ने यन्त्रहरूको विवरण अनुसूची ५ (क) बमोजिम तथा लम्बाइ र समय नाप्ने यन्त्रहरूको विवरण अनुसूची ५ (ख) बमोजिम हुनेछ।"

३. मूल नियमावलीको नियम ११ मा संशोधनः– मूल नियमावलीको नियम ११ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) व्यापारिक लेनदेनमा प्रचलनमा ल्याइने वा त्यसरी प्रचलनमा ल्याउने अभिप्रायले राखिएको नाप, तौल र तौल्ने यन्त्र दुई वर्षमा एक पटक ऐन र यी नियमहरू बमोजिम जांच गराई टाँचा लगाउनु पर्छ।

तर, व्यापारिक लेनदेनमा प्रचलनमा ल्याइने वा त्यसरी प्रचलनमा ल्याउने अभिप्रायले राखिएको सबै नाप्ने यन्त्र तथा सुन, चाँदी र मूल्यवान जवाहरातमा वा पेट्रोलियम पदार्थमा वा कारखानामा प्रयोग गरिने नाप, तौल र तौल्ने यन्त्र वर्षमा एक पटक ऐन र यी नियमहरू बमोजिम जाँच गराई टाँचा लगाउनु पर्छ।"

४. मूल नियमावलीमा अनुसूची थपः– मूल नियमावलीको अनुसूची ५ पछि यसैसाथ संलग्न अनुसूची ५ (क) र अनुसूची ५ (ख) थपिएको छ।

५. मूल नियमावलीको अनुसूची ९ मा थपः– मूल नियमावलीको अनुसूची ९ को अन्त्यमा देहायका अंश थपिएको छ :–

| | | | | |
|---|---|---|---|---|
| नाप्ने यन्त्र | आयतन नाप्ने यन्त्र | पेट्रोलियम पदार्थ वितरण पम्प | १०० | ०० |
| | लम्बाइ र समय नाप्ने यन्त्र | टयाक्सी | १० | ०० |

## अनुसूची–५ (क)

(नियम १० को उप-नियम (५) संग सम्बन्धित)

आयतन नाप्ने यन्त्रहरूको विवरण

### खण्ड–१

### साधारण आवश्यकताहरू

१. परिभाषाः–

"नाप्ने यन्त्र" भन्नाले तरल पदार्थहरू आयतनको हिसाबले नाप्ने र दिने उद्देश्यले बनेको यन्त्रलाई सम्झनु पर्छ।

२. (क) सञ्चालन भएको अवस्थामा देहायका आवश्यकताहरू पूरा गर्ने गरी नाप्ने यन्त्रको वस्तु, ढाँचा र बनावट हुनु पर्छः–

(१) शुद्धताइ कायम हुने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सञ्चालन हुने पार्टपूर्जाहरू सन्तोषपूर्वक काम गर्ने।

(३) मिलान (एडजस्टमेण्ट) यथासम्भव स्थायी हुनु पर्ने।

(ख) नाप्ने तथा दिने काममा प्रयोग हुने नाप्ने यन्त्रहरूमा सबै अङ्गहरू र जडानहरू पूरा नभएमा टाँचा लगाइने छैन।

(ग) कुनै यन्त्रमा साट्न हुने वा उल्टाउन हुने अङ्गहरू छन् भने यस्तो अङ्ग साट्दा वा उल्टाउँदा यन्त्रको सच्चाइमा कुनै फरक पर्नु हुँदैन।

(घ) वितरण भएको वा दिइएको परिमाण संकेत गर्ने सबै रेखाङ्कन स्पष्ट बुझिने र नमेटिने किसिमको हुनु पर्छ।

(ङ) नाप्ने यन्त्रको अङ्कित मापक वा सांकेतिक अङ्गहरूले आपनो शून्यस्थिति र सो यन्त्रको नाप्ने क्षमतासम्म दिएको परिमाण समेत स्वतः देखाउन सक्ने रूपमा निर्मित भएको हुनु पर्छ।

(च) नापेको र दिएको परिमाण दर्शकले सजिलोसंग स्पष्ट र बिना अवरोध देख्ने गरी स्थायी किसिमका नाप्ने यन्त्रहरूको जडान भएको हुनु पर्छ।

(छ) असावधान प्रयोग वा अन्य कुनै किसिमबाट यन्त्रको सच्चाइमा अनुचित असर यथासम्भव नपर्ने गरी नाप्ने यन्त्रको ढाँचा र बनावट हुनु पर्छ।

३. अंकन (मार्किङ्ग):–

(क) वितरण पम्प, मिटर, आयतनिक भाँडा भर्ने मेशीन जस्ता सबै व्यापारिक नाप्ने यन्त्रहरूमा सो यन्त्रको क्षमता, निर्माताको नाम वा ट्रेडमार्क र परिचयात्मक संख्या देखिने गरी स्पष्ट र स्थायी तवरले अंकन भएको हुनु पर्छ।

(ख) निरीक्षण गर्ने अधिकारिको टाँचा र खण्ड (क) मा उल्लेखित अंकनहरू लगाउन नाप्ने यन्त्रहरूमा सबैले देख्ने ठाउँमा एउटा उपयुक्त पाता (प्लेट) मजबुतसंग जडान भएको हुनु पर्छ।

४. जाँचको आवश्यकताहरू:–

(क) सबै नाप्ने यन्त्रहरू सञ्चालन भएको अवस्थामा जाँचिनेछ।

(ख) सबै यन्त्रहरू सम्बन्धित नाप्ने यन्त्रलाई दिइएको त्रुटिको हद्भित्र रही ठीक हुनु पर्छ।

५. सील लगाउने:– वितरण भएको परिमाणमा असर पर्ने गरी नाप्ने यन्त्रको रोक्ने अङ्ग वा अरू मिलाउने अङ्गहरूमा कैफियत गर्न नपाउने गरी निरीक्षण गर्ने अधिकारीले नाप्ने यन्त्रको एक वा बढी स्थानमा सील लगाइनेछ। ...बाट प्रकाशित भएपछि मात्र लागु हुनेछ।

खण्ड–२

## वितरण (डिस्पेन्सिग) पम्प

१ परिभाषाः–

(क) "वितरण पम्प" भन्नाले सञ्चय टैंक वा टैंकहरूमा जडान भई यकीन आयतनको हिसाबबाट तरल पदार्थहरू दिने कामको निमित्त प्रयोग गरिने नाप्ने यन्त्र सम्झनु पर्छ ।

(ख) "आद्रनली प्रणाली (वेटहोज सिस्टम)" भन्नाले पम्प सञ्चालन भएको वा नभएको अवस्थामा प्रश्रावनली (डिस्चार्जहोज) भरिएर नै रहने प्रणालीलाई सम्झनु पर्छ ।

(ग) "सुखानली प्रणाली (ड्राइहोज सिस्टम)" भन्नाले वितरण काम पूरा भएपछि प्रश्रावनली पूर्णतया सुखा रहने प्रणालीलाई सम्झनु पर्छ ।

२. प्रकारः– वितरण पम्पहरू मिटर टाइप वा भाँडो (कण्टेनर) टाइपको हुनेछन् ।

३. साधारण आवश्यकताहरूः–

(क) वितरण पम्पमा खास गरी देहायका कुराहरू हुनु पर्छः–

(१) उपयुक्त खोल वा ढकेनी,
(२) पम्प गर्ने अङ्ग,
(३) मिटर अङ्ग वा आयतनिक भाँडो (कण्टेनर),
(४) परिमाण संकेत गर्ने,
(५) टुटी (नोजल) सहितको लचिलो नली ।

४. प्रत्येक वितरण पम्पमा सबै संभावित वितरणको परिमाण देखाउन बिक्री सूचक (सेल्स इण्डिकेटर) जडान भएको हुनु पर्छ । अन्य कुनै किसिमको गन्ति गर्ने वा संख्या जोडने साधन भए सो साधनबाट खास बिक्री सूचकसंग कुनै प्रकारको गडबडी आउन नसकिने गरी जडान गरिएको हुनु पर्छ ।

५. स्टार्टिङ्ग लिभरको बन्द हुने अवस्थासम्मको चालद्वारा कुनै खास वितरण चक्र (डेलिभरी साइकल) पूरा भएपछि संकेत गर्ने अङ्गहरू ठीक शून्यमा नफर्कुन्जेल अर्को क्रमिक वितरण गर्न नसकिने गर्न एउटा प्रभावकारी स्वचालित इण्टरलक भएको मिटर प्रकारको वितरण पम्प निर्मित भएको हुनु पर्छ ।

अधिकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. प्रत्येक भाँडोबाट प्रश्राव शुरू हुन थालेपछि मात्र सम्बन्धित बिक्री सूचकले वितरण अंक देखाउने गरी भाँडो प्रकारको वितरण पम्प निर्मित भएको हुनु पर्छ। स्पष्ट र स्थायी तवरले देहायको कुरा दर्शाउने गरी पम्पको प्यानेलमा अंग्रेजी वा देवनागरीमा सूचना राखिएको हुनु पर्छ:-

| |
|---|
| वितरण शुरू हुनुभन्दा अगाडि निश्चित हुनु होस्। |
| (क) बिक्री सूचक शून्यमा छ। |
| (ख) भाँडो (कण्टेनर) पूरा भरिएको छ। |

७. भाँडो वा भाँडोहरू ठीकसंग भरिएको र वितरण भएको स्पष्ट देखिने गरी भाँडो प्रकारको वितरण पम्पमा हेर्ने झ्यालहरू (अब्जरभेशन विन्डोज) वा अरू साधनहरू जडान भएको हुनु पर्छ।

८. चापबाट तरल पदार्थ वितरण गर्ने वितरण पम्प आद्रनली प्रणालीबाट सञ्चालित हुनु पर्छ र यस्ता पम्पले चापबाट वितरण हुने गरी त्यस्को टुटीमा संयोग नियन्त्रण भल्व (कम्बिनेशन कन्ट्रोल भल्व) र स्वचालित चाप प्रश्राव भल्व (अटोमेटिक प्रेशर डिस्चार्ज भल्व) लगाइएको हुनु पर्छ।

९. गुरुत्वाकर्षणबाट तरल पदार्थ वितरण गर्ने वितरण पम्प सुखानली प्रणालीबाट सञ्चालित हुनु पर्छ। नली पाइप (होजपाइप) मा पूर्ण र तीव्र निकास सजिलो हुने गरी सुखानलीको लम्बाइ र कडापनको उचित व्यवस्था हुनु पर्छ तथा नली पाइपको टुटीमा कुनै भल्व रहेको हुनु हुँदैन।

१०. वितरण पम्पको प्रश्राव नलीको लम्बाइ पम्पको बाहिरदेखि वितरण गर्ने टुटीसम्म पाँच मिटरभन्दा लामो हुनु हुँदैन।

११. मिटर प्रकारको वितरण पम्पमा पम्प गर्ने अङ्गको पछि र मिटर अंगको सीधा अगाडि एउटा प्रभावकारी हवा हटाउने अङ्ग (एयर इलिमिनेटर युनिट) रहेको हुनु पर्छ।

१२. आयतनिक भाँडोमा हवा अड्ने (एयर ट्रेप) संभावना रोक्नाको लागि भाँडो प्रकारको वितरण पम्पमा हवा जाने उपयुक्त प्वाल रहेको हुनु पर्छ।

१३. जाँच:-

(क) सबै वितरण पम्पहरूमा वितरणको सच्चाइ जाँच हुनु पर्छ।

(ख) यन्त्रले वितरण गरिने तरल पदार्थ भएको चालू अवस्थामा वितरण पम्प जाँचिनु पर्छ।

(ग) सबै वितरण पम्पहरू जाँच गर्ने नापहरू (चेक मेजर्स) द्वारा प्रमाणित गरिनेछ।

(घ) प्रत्येक जाँच गर्ने नाप प्रत्येक छ छ महीनामा कार्यकारी स्टाण्डर्ड नापद्वारा जाँचिनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) वितरण पम्प जाँच गर्नुभन्दा अगाडि पम्पका सबै अङ्गहरूले राम्ररी काम गरेको र प्रश्रावनली भिजेको यकीन गर्न केही मिनेट पम्प चलाउनु पर्छ।

(च) सच्चाइको जाँच गर्न अगाडि वितरण पम्पमा चुहावट जाँच्नको लागि पूरा भरेर हेर्नु पर्छ।

१४. वितरण पम्पहरू जाँच गर्ने तरिका देहायबमोजिम हुनेछः–

(क) स्टाण्डर्ड जाँच नाप (स्टाण्डर्ड चेक मेजर) का भित्री सतहहरू भिजाउन पहिले भर्नु पर्छ र त्यसपछि खाली गर्नु पर्छ।

(ख) रेकर्ड गर्ने यन्त्रको संकेतक (मिटर प्रकार) वा रिडिङ्ग (कण्टेनर प्रकार) लाई शून्यमा मिलाउनु पर्छ

(ग) संकेतक (मिटर प्रकार) फेरि शून्यको अवस्था वा रिडिङ्ग (कण्टेनर प्रकार) जाँच नापको क्षमता नदेखाउन्जेलसम्म स्टाण्डर्ड जाँच नापमा तरल पदार्थ हाल्न पम्प चलाउनु पर्छ।

(घ) लगातार दुई पटक जाँच गर्दा दुबै पटक ठीक परिमाण दिएमा यन्त्र ठीक मानिनु पर्छ।

(ङ) लगातार दुई पटकको वितरणमा मान्यता दिएको हदभित्रको परिमाण नदिएमा जाँच दोहऱ्याउनु पर्छ।

१५. प्रत्येक वितरण पम्पले घटीमा १० लिटर प्रति मिनेट मनासिव तवरले एकनाससंग नं. १६ मा निर्दिष्ट गरिएको त्रुटिको हदभित्र रही वितरण गर्नु पर्छ।

१६. मान्यता दिइएको त्रुटिको हदहरू देहायबमोजिम हुनेछन्ः–

मान्यता दिइएको त्रुटिको हदहरू

| वितरण परिमाण | पहिलो जाँच (बढीमा मात्र) | पछिल्लो जाँचहरूमा (बढीमा) | पछिल्लो जाँचहरूमा (घटीमा) |
|---|---|---|---|
| १ लिटर | १० मिलिलिटर | पहिलो जाँचको बराबर | ५ मिलिलिटर |
| २ लिटर | २० मिलिलिटर | " " " | १० मिलिलिटर |
| ५ लिटर | ३० मिलिलिटर | " " " | १५ मिलिलिटर |
| ५ लिटरभन्दा बढी | ०.५ प्रतिशत | " " " | ०.२५ प्रतिशत |

१७. सील र टाँचा लगाउनेः– ठीक वितरणको लागि मिलान गरेपछि सीसा वा तारको सीलहरू लगाउँदा त्यस्तो सील वा सीलहरू नबिगारिकन फेरि मिलान गर्न नसकिने गरी लगाइनेछ। सीसा र तारको सील वा सीलहरूको लागि साधारण तार (प्लेन वायर) लगाइने छैन। सीसाको सील वा सीलहरूमा निरीक्षकको टाँचा पेन्सिलबाट लगाइनेछ।

अधिकारीकृत मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## अनुसूची–५ (ख)

(नियम १० को उप-नियम (५) संग सम्बन्धित)

लम्बाइ र समय नाप्ने यन्त्रहरूको

विवरण

टयाक्सी मिटर

१. परिभाषा:–

(क) "टयाक्सी मिटर" भन्नाले भाडामा लिइएको मोटर गाडीको भाडा फासला वा समय अनुसार तोकिएको दरमा गणना गरी देखाउने यन्त्रलाई सम्झनु पर्छ।

(ख) "मुख" भन्नाले टयाक्सी मिटरको भाडा देखाउने भागलाई सम्झनु पर्छ।

(ग) "झण्डा" भन्नाले टयाक्सी मिटरको सञ्चालन प्रक्रियालाई नियन्त्रण गर्ने लिभर वा अरू कुनै यन्त्रलाई सम्झनु पर्छ।

(घ) "भाडावृद्धि (मनी ड्रप)" भन्नाले भाडा देखाउनेमा भाडाको वृद्धि हुनेलाई सम्झनु पर्छ।

(ङ) "शुरूको भाडावृद्धि (इनिसियल मनी ड्रप)" भन्नाले भाडाको निमित्त (फर हायर) बाट भाडामा (हायर्ड) लिइएको अवस्थामा झण्डालाई तल झार्दा देखाउने भाडा सम्झनु पर्छ।

(च) "शुरूको फासला वा शुरूको समयको अन्तर" भन्नाले शुरूको भाडावृद्धि अनुसारको फासला वा समयको अन्तर सम्झनु पर्छ।

(छ) "आधारभूत दर" भन्नाले शुरूको भाडावृद्धिको दर बाहेक फासला वा समयको अन्तरको लागि फासला र प्रतिक्षा गरेको समयको दरलाई सम्झनु पर्छ।

(ज) "भाडा" भन्नाले भाडामा लिइएको मोटर गाडीको मिटरले फासला र समय नाप्ने यन्त्र (डिस्टान्स एण्ड टाइम मेकानिज्म) को सञ्चालनको आधारमा गणना गरी देखाउने भाडाको अंशलाई सम्झनु पर्छ।

(झ) "अतिरिक्त भाडा" भन्नाले मोटर गाडी भाडामा लिनेहरूले यात्राबाट लाग्ने भाडाको अतिरिक्त मालसामानको परिवहनको लागि तिर्नु पर्ने भाडा सम्झनु पर्छ।

(ञ) "आधारभूत दरहरूको मान्य गति" भन्नाले आधारभूत फासला र आधारभूत समयको दरको गति अनुरूप हुनेलाई सम्झनु पर्छ अर्थात आधारभूत दरहरूको निमित्त मान्य गतिमा टयाक्सी मिटर सञ्चालन गर्दा यात्रा गरेको फासलाको भाडावृद्धि बितेको समयको ठीक बराबर हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**उदाहरण:-**

समयमा आधारित दर – – ४० पैसा प्रत्येक ६ मिनेटमा
फासलामा आधारित दर – – ४० पैसा प्रत्येक ½ किलोमिटरमा

आधारित दर तब मात्र बराबर हुनेछ जब ½ किलोमिटर फासला ६ मिनेटको समयमा यात्रा गर्दछ, अर्थात् सवारी साधनको गति ५ किलोमिटर प्रतिघण्टा हुनेछ।

(ट) "सवारी साधनमा हुने चक्काको उचित घेरा" भन्नाले मोटर गाडी ठीक यात्रीहरू लिई सीधा अगाडि बढ्दाको अवस्थामा चक्का चालित सवारी साधनमा उचित मात्रामा हावा भरिएको टायरको एक पूरा फन्कोलाई सम्झनु पर्छ।

(ठ) "पिक-अप" भन्नाले सवारी साधनको गति आधारभूत दरको मान्य गति भन्दा कम वा बढी भए अनुसार वितेको समयको आधारित दर वा यात्रा गरेको फासलाको आधारित दरबाट भाडा निर्धारण हुनेलाई सम्झनु पर्छ र यी आधारभूत दुई दरहरूको बीचको गणनाको परिवर्तनलाई कहिलेकाहीं पिक-अप र कहिलेकाहीं अन्तर (डिफरेन्सियल) भनिन्छ।

(ड) "बेञ्च जाँच" भन्नाले ट्याक्सी मिटरलाई ट्याक्सीबाट छुट्याई गरिने जाँच सम्झनु पर्छ।

(१) "फासलाको जाँच" भन्नाले समयको असरविना भाडावृद्धि बीचको अनुरूप फासलाको अन्तरहरू जाँचिने जाँचलाई सम्झनु पर्छ।

(२) "समयको जाँच" भन्नाले भाडावृद्धि बीचको समयको अन्तरहरू जाँचिने जाँचलाई सम्झनु पर्छ।

(ढ) "सडक जाँच" भन्नाले मोटर गाडीको यात्राबाट मोटर गाडीमा जडान भैसकेको ट्याक्सी मिटर क्रियाशील भएपछि नापिएको बाटो (मेजर्ड कोर्स) मा जाँचिने जाँचलाई सम्झनु पर्छ।

(ण) "गियर वर्क्स" भन्नाले विभिन्न टायर साइज, ट्रान्समिशन अनुपात र यस्तैको निमित्त मिलानको व्यवस्था गर्ने गियरहरूको समूहलाई सम्झनु पर्छ।

(२) **बनावटसम्बन्धी आवश्यकताहरू:-**

(क) ट्याक्सी मिटरको ढाँचा र बनावट लामो अवधिसम्म टिक्ने खालको हुनु पर्छ।

(ख) आधारभूत दरहरूको मान्य गतिमा वा त्यसभन्दा बढी गतिमा यात्रा गरेको फासला र गाड़ी रोकी राख्दा वा आधारभूत दरहरूको मान्य गतिभन्दा कम गतिमा गइरहँदा वितेको समयको लिनु पर्ने भाडा दर्ता गर्ने रूपमा ट्याक्सी मिटर बनाइएको हुनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) फासला नाप्ने यन्त्र (डिस्टान्स मेकानिज्म) द्वारा भाडा रेकर्ड गरिएमा भाडाको पहिलो परिवर्तन तोकिएको फासला यात्रा गरेपछि हुनेछ। त्यसपछिको अङ्क लहरैसित फासलाको अनुपातमा परिवर्तन हुनेछ।

(घ) यान्त्रिक आवश्यक भएको बेलामा घडी जस्तै यन्त्रले समयको रेकर्ड गर्ने काम गर्दछ। झण्डा चलाएपछि यो क्रिया शुरू हुनेछ। यान्त्रिक घडी दश घण्टासम्म लगातार चल्न सक्ने क्षमताको हुनु पर्छ।

(ङ) समय वा फासलाद्वारा गणना गरिएको भाडामुखको उपयुक्त झ्यालहरूमा देखिने गरी प्रत्येक मिटर बनाइएको हुनु पर्छ।

(च) "गाडी भाडाको निमित्त छ" भनी देखाउन प्रकाश भएको संकेत मिटरमा हुनु पर्छ। यसमा प्रयोग गरिएका अक्षर र अङ्कहरूको साइज, रङ्ग र पृष्ठभूमि दिन वा रातमा पचीस मिटरको फासलाबाट प्रष्ट देखिने हुनु पर्छ। झण्डामा प्लेट जडिएको छ भने यसको पृष्ठभूमिको रङ्ग रातो हुनु पर्छ।

(छ) प्रत्येक झ्यालमा देखिने सूचना जस्तै भाडा, झण्डाको अवस्था, जम्मा फासला वा यात्रा गरिएको फासला, ट्रिप र अतिरिक्त भाडाको व्यवस्था गरिएको हुनु पर्छ। रूपैयाँ र पैसा देखाउने शब्दहरू वा चिह्नहरू चक्का वा ड्रमको स्थानबाट ठीक माथि वा तल छेउमा राखिएको हुनु पर्छ। झण्डा भाडामा वा बन्द अवस्थामा रहँदा मिटरको मुखमा एक उचित प्रकाशको व्यवस्था गरिएको हुनु पर्छ।

(ज) भाडा देखाउने अक्षर र अङ्कको उचाइ १० सि. मि. भन्दा कम उचाइको हुनु हुँदैन र यात्रुहरूले सरल तरीकाबाट पढ्न सक्ने गरी राखिएको हुनु पर्छ। मिटरमा देखिने अक्षर र अङ्कहरू प्रष्ट बुझिने साइज, प्रकार र रङ्गको हुनु पर्छ।

(झ) झण्डालाई एक अवस्थाबाट अर्को अवस्थामा घुमाउँदा यसले सुनिने आवाजद्वारा सूचित गर्न सक्ने हुनु पर्छ।

३. यन्त्रकला तथा सञ्चालनः–

मिटरको यन्त्रकला देहायबमोजिमको ढाँचाको भएको हुनु पर्छः–

(१) झण्डा ठाडो रहँदा मुखको झ्यालमा "भाडाको निमित्त" भन्ने शब्दहरू प्रदर्शित हुनेछ। यस्तो अवस्थामा मिटरको यन्त्रकला बन्द रहनेछ। भाडामा लिन चाहने व्यक्तिलाई कुनै भाडा देखिने हुनु हुँदैन।

(२) झण्डालाई "भाडामा" को अवस्थामा अघितिर घुमाइएमा झ्यालमा "भाडाको निमित्त" शब्दहरूको ठाउँमा "भाडामा" शब्द बदलिनेछ। "भाडामा" को अवस्थामा घडीको यन्त्रकला (क्लक मेकानिज्म) चालू हुन जानेछ र फासला नाप्ने यन्त्रकला चालू [illegible]

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ

रेकर्ड गर्न सक्षम हुनेछ। भाडा देखाउने झ्यालमा शुरूको भाडावृद्धि पनि देखिनेछ। गाडी–लाई प्रयोगमा ल्याएपछि उचित समयमा अरू भाडावृद्धिले देखिएको भाडामा वृद्धि हुँदै जानेछ ।

(३) झण्डालाई अझ अघिल्तिर "भाडाको निमित्त" को अवस्थाबाट "बन्द" अवस्थामा घुमाइएमा झ्यालमा "भाडामा" शब्दको ठाउँमा "बन्द" शब्द बदलिनेछ । घडीको यन्त्रकला बन्द हुनेछ र फासला नाप्ने यन्त्रकला फासला रेकर्ड गर्न यथावत जारी रहनेछ। भाडा देखाउने झ्यालमा भाडा प्रदर्शित भई नै रहनेछ ।

(४) झण्डालाई "भाडामा" को अवस्थाबाट "बन्द" अवस्थामा नलगिकन "भाडाको निमित्त" अवस्थामा लग्न सकिने छैन। यन्त्रकलाको सञ्चालन "बन्द" गर्ने यन्त्र (लकिङ्ग डिमाइस) द्वारा झण्डालाई "भाडाको निमित्त" अवस्थामा पूरा नरोकी "बन्द" अवस्थाबाट "भाडामा" को अवस्थामा जान सक्ने छैन।

(५) माथि (१) देखि (४) सम्ममा उल्लिखित झण्डाको साधारण सञ्चालनको क्रियाद्वारा बाहेक समय र फासला यन्त्रकलालाई चालू अथवा बेचालू गर्न सकिने छैन।

(६) झण्डा "भाडाको निमित्त" अवस्थामा छँदा मिटरको मुखमा रहेको भाडा र अति–रिक्त झ्यालहरू शटरले बन्द भएको हुनु पर्छ । शटरको हट्ने वा बन्द हुने क्रिया क्रमशः झण्डा "भाडाको निमित्त" अवस्थाबाट "भाडामा" को अवस्था र "बन्द" अवस्थाबाट "भाडाको निमित्त" अवस्थामा चलाउँदा एकसाथ हुने हुन्छ।

(७) मिटरले देखाएको समय र फासलाको भाडा तोकिएको आधारभूत दरहरू बमोजिम हुनेछ।

(८) अतिरिक्त झ्यालको व्यवस्था गरिएकोमा अतिरिक्त झ्यालमा देखिने भाडा हातले चलाइनेछ र मौद्रिक इकाईहरू तोकिएबमोजिम बढ्दै जानेछ।

४. जाँचहरू:–

(क) भाडा सूचकहरू:– डायलमा देखिने भाडावृद्धि सबै अवस्थामा ठीक र पूर्णरूपमा एक अङ्कबाट अर्को अङ्कमा बदलिनेछ। यन्त्रकला चालू अथवा बेचालू गरिंदा हुने त्रुटि नं. ५ मा निर्दिष्ट हदहरूभित्र पर्नु पर्नेछ।

(ख) झण्डा:– "भाडाको निमित्त" को अवस्थाबाट झण्डालाई झार्दा अगाडि दर्ता भएको भाडा हटेको र मिटर उचित तरीकाले पुनः शून्यको अवस्थामा पुगेको छ भन्ने जाँच हुनु पर्छ। भाडा देखाउने अङ्कहरू अडेको वा आंशिक भाग हटेको वा फेरि फर्कने संभावना हुनु हुँदैन। एक राचेट लकबाट अर्को राचेट लकमा उल्टो घुमाउँदा अनुचित दर्ता नहुने वा अरू कुनै किसिमको संभावित हानि नपुऱ्याउने भन्ने जाँच गरिनु पर्छ। झण्डाको अनुचित प्रयोगद्वारा खराबी गर्न सक्ने संभावना नभएको पूरा यकीन हुनु पर्छ। झण्डालाई तल झार्नासाथ मिटरले भाडा दर्ता गर्नु पर्नेछ र यसको अङ्क मुखमा देखिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ग) फासलाको हँकाई (डिस्टान्स ड्राइभ):– भाडामा अर्को वृद्धि रेकर्ड हुन लागेको बलामा भाडा दर्ता गर्ने यन्त्रकलामा सदैव एक विशेष अवस्था (क्रिटिकल-प्वाइण्ट) हुनेछ। यात्रा विशेष अवस्थामा अन्त भएमा कुनै धवकाले जस्तै ढोका ढचाम्म बन्द गर्दा भाडामा अर्को वृद्धि हुन जान सक्छ। मिटरको यन्त्रकलामा कुनै खराबी पैदा हुन नपावस भन्नाको लागि जाँचको निमित्त एक झट्कादार हँकाई (जर्की ड्राइभ) को व्यवस्था हुनु पर्छ। असामयिक भाडाको वृद्धि दर्ता हुने संभावनालाई सकभर रोक्नानिमित्त अनेक जाँचहरू गरिनेछन्।

(घ) बेञ्च जाँच:– उचित तथा भरपर्दो गियर वर्क्स जडान भएको टचाक्सी मिटरको बेञ्च जाँच गरिनेछ।

(१) उपकरणहरू:–

(क) जाँच्ने बेञ्च:– विजुली मोटरमा लगाइएको उपकरणद्वारा टचाक्सी मिटरको स्पिण्डल घुमाएर टचाक्सी मिटर जाँचिनेछ। यस उपकरणलाई हातबाट पनि घुमाउन सकिनेछ। टचाक्सी मिटर राम्रोसंग अडाउन ब्राकेटहरूको व्यवस्था हुनु पर्छ।

(ख) गणक (काउण्टर):– स्पिण्डल घुमाइएको दश भागको एक भागसम्म दर्ता गर्न सक्ने गरी गणक निर्मित भएको हुनु पर्छ।

(२) तरीका:– जाँच गर्दा छोटो फासला (शर्ट हल) र लामो फासला (लंग हल) गरी दुई अवस्थामा जाँचिनेछ:–

(क) छोटो फासला जाँच:–झण्डालाई "बन्द" अवस्थामा राखेर दुई वा तीन किलोमिटर फासला बराबर मिटर चलाइनेछ। प्रत्येक भाडावृद्धिको लागि लागेको फन्का गणकबाट पत्ता लगाई हिसाब-बाट निस्कने संख्यासंग दाजिनेछ।

(ख) लामो फासला जाँच:– झण्डालाई "बन्द" अवस्थामा राखी टचाक्सी मिटरलाई ६० किलोमिटरभन्दा कम नहुने फासला-सम्म लगातार चलाइनेछ। भाडावृद्धि (मनी ड्रप) अड्न जाने, क्रमसाथ भाडा वृद्धि नहुने, बेठीक किसिमसंग अङ्कको मिलान वा अरू कुनै किसिमको असमान्य अवस्था फेला परेमा मिटरलाई रद्द गर्न सकिने संभावनाको लागि जाँच अवधिभर टचाक्सी मिटरको निरीक्षण गरिनेछ।

(ङ) समय जाँच:–

(१) उपकरण:– यस जाँचमा सेकेण्डसम्मको निरीक्षण गर्नु पर्नेछ। इच्छानुसार शून्यबाट शुरू गरी फेरि शून्यमा लग्न सकिने एक स्पट घडी वा डेक्स घडी प्रयोग गरिनेछ।

५४१ ५४१ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) तरीकाः– समय जाँचमा झण्डालाई "भाडामा" को अवस्थामा राखी भाडावृद्धि बीचको अन्तरको समय जाँचिनेछ र समय जाँचलाई प्रत्येक अन्तर जाँच (इन्डिभिड्युयल इण्टरभल टेष्ट) र लामो अन्तर जाँच (लङ्ग इण्टरभल टेष्ट) गरी दुई भागमा बाँडिनेछ ।

(क) प्रत्येक अन्तर जाँचः– प्रत्येक अन्तर जाँचको शुरूमा झण्डालाई "भाडामा" को अवस्थामा झार्नुको साथै स्टप घडी वा डेस्क घडीलाई चलाइनेछ । प्रत्येक भाडावृद्धिको लागि वितेको समयको सेकेण्डसम्मको दर्ता गरिनेछ । घडीलाई बन्द नगरिकन जाँच अवधिको अन्तसम्म चलाइनेछ । यो जाँच कम्तिमा एक घण्टासम्मको हुनेछ ।

(ख) लामो अन्तर जाँचः– टयाक्सी मिटरमा दर्ता भएको अङ्क प्रत्येक अन्तर जाँचपछि मेट्न लगाइने छैन र साथै स्टप वा डेस्क घडीलाई पनि बन्द गरिने छैन । यस क्रियालाई पूर्ण निरीक्षण साथ एक घण्टा वा एक घण्टाभन्दा बढी समयसम्म जारी राखिनेछ । जाँच सिद्धिने बेलामा भाडावृद्धिको लागि लागेको समयको निरीक्षण गरी रेकर्ड गरिनेछ र त्यसपछि टयाक्सी मिटरलाई शून्यमा ल्याइनेछ ।

५. हदहरूः–

(क) बेञ्च जाँचः– बेञ्च जाँचको लागि घटी बढीका हदहरू देहायबमोजिम हुनेछन्ः–

(१) दर्ता हुनेमा – – १ प्रतिशत

(२) दर्ता भइसकेकोमा – – शुरू अन्तरलाई अन्तर जाँचमा समावेश गरिएमा थप ३० मिटरको हदसाथ १ प्रतिशत ।

(ख) समय जाँचः– समय जाँचको लागि घटी बढीका हदहरू देहायबमोजिम हुनेछन्ः–

(१) प्रत्येक अन्तर जाँचः–

दर्ता हुनेमा – – ५ प्रतिशत

दर्ता भइसकेकोमा – – १० प्रतिशत शुरूको अन्तरमा ५ प्रतिशत अरू अन्तरमा

(२) लामो अन्तर जाँच (शुरूको अन्तर बाहेक)ः–

दर्ता हुनेमा – – छूट नभएको

दर्ता भइसकेकोमा – – ३ प्रतिशत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।